जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २५४ पृष्ठः ४ | २०८२ माघ १८ आइतबार (Sunday 01 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## भाइसहित ट्याक्टरचालक खान गएका वेला यादवको गोली हानी हत्या



**मणिलाल विश्वकर्मा**

सिरहा, १७ माघ। सिराहाको जिल्ला सदरमुकामसमेत रहेको सिराहा नगरपालिका- ७ स्थित खेतबाट माटो ओसार्ने ट्याक्टरचालकसँगै सहोदर भाइ पनि घर गएका वेला करिब ४५ वर्षीय प्रेमनाथ यादवको गोली हानी हत्या भएको छ। प्रहरीका अनुसार सिराहा- १ घर भएका यादवमाथि सिराहाको बाइपास सडकनजिकै रहेको मैनाबत्ती खोलाको पूर्वपट्टि शुक्रबार दिउँसो अज्ञात समूहले गोली हानेर हत्या गरेको हो। मृतक यादवका कान्छो भाइ अभयनाथ यादवले चलाएको मधेश प्रदेश ०१-००१ त २९५६ नम्बरको बकेट जडान गरिएको ट्याक्टरले उठाएको माटो अर्को ट्याक्टरमा हालेर भाइसमेत खाना खान घर गएका वेला उनीमाथि दिउँसो करिब डेढ बजेतिर गोली प्रहार भएको हुन सक्ने प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार खोलावारि खेतमा घाँस काट्न गएकी करिब ७० वर्षीया आमा कपलीदेवीले पटाका पड्केजस्तो आवाज सुनेको भन्दै हल्ला गरेकी थिइन्। 'उनले हल्ला गरेपछि खेतबारीको काममा रहेका अन्य पनि जुटेपछि प्रहरीलाई खबर भएको हो,व़ उनले भने, 'घटनास्थलमा प्रहरी पुग्दा यादवको मृत्यु भइसकेको थियो।व़ उनका अनुसार यादवको छातीमा गोली लागेको छ। प्रहरीले घटनास्थलको प्रकृति मुचुल्कासहित आवश्यक कानुनी प्रक्रिया पूरा गरी परिवारको सहमतिमा शव पोस्टमार्टमका लागि शुक्रबार साँझ धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको छ। मृतक यादवका भाइ बिहानदेखि स.१ त ५७९४ नम्बरको ट्याक्टरमा माटो भरेपछि बकेट जडान गरिएको ट्याक्टर खेतमै छोडेर चालक सन्तोष शर्मासँगै खाना खान घर फर्किएको बताइएको छ। त्यही वेला ट्याक्टर हेर्न खेत पुगेका यादवमाथि गोली प्रहार भएको हुन सक्ने गाउँलेहरूले बताए।

करिब डेढ वर्षअघि जेठी श्रीमतीको निधन भएपछि गत मंसिरमा दोस्रो विवाह गरेका उनका जेठी श्रीमतीपट्टिका छोराहरू करिब २० वर्षीय रामजनम यादव र १७ वर्षीय हरि यादव छन्। स्थानीयका अनुसार कोही कसैसँग विवाद नगर्ने स्वभावका यादवका माहिलो भाइको पनि वैदेशिक रोजगारीको क्रममा करेन्ट लागेर मृत्यु भएको स्थानीय बद्री यादवले बताए।

## बढ्यो इन्धनको मूल्य




काठमाडौँ, १७ माघ। नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ। निगमले भारतीय आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य समायोजन गरिएको जनाएको हो। नयाँ मूल्यसूची अनुसार पेट्रोल र डिजेलमा प्रतिलिटर केही रुपैयाँ वृद्धि गरिएको छ भने आन्तरिक हवाई इन्धनको मूल्य घटाइएको छ। अन्तर्राष्ट्रिय उडानतर्फ हवाई इन्धनको मूल्य काठमाडौं, पोखरा र भैरहवाका लागि फरक-फरक तोकिएको छ।

नयाँ खुद्रा बिक्री मूल्य २०८२ माघ१९ गते राति१२ बजेदेखि लागु हुने निगमले जनाएको छ। जसअनुसार बढेर आएको भए पनि हाललाई डिजेल तथा मट्टीतेल ३ रुपैयाँले वृद्धि गरिएको निगमले जनाएको छ। त्यस्तै ग्यासको मूल्य ४५ रुपैयाँले बढेर आए पनि हाललाई यथावत् राखिएको पनि निगमले एक सूचनामार्फत जनाएको छ। पेट्रोलको मूल्य यथावत् राखिएको छ।

## सिरहा ३ : चुनाव जितेर मन्त्री बने, सडक बनेन

### स्थानीय भन्छन्, चुनाव नजिकिँदा नेताहरू सडक बनाइदिन्छौँ भनेर आउने गर्छन्, तर चुनाव सकिएपछि फर्केर हेर्दैनन्।

**सुरेश राय**

सिरहा, १७ माघ। गोलबजार-लगदी-गदियानी सडक निर्माण कार्य करिब ८ वर्षअघि सुरु भयो। तत्कालीन भौतिक पूर्वाधार मन्त्री बसन्त नेम्वाङले सडक शिलान्यास गरेका थिए। तर अहिलेसम्म पनि निर्माण कार्य सम्पन्न हुन सकेको छैन। शिलान्यास भएको यतिका वर्ष बितिसक्दा पनि सडकको अवस्था उस्तै रहँदा स्थानीय बासिन्दा आक्रोशित छन्। सडक नबन्दा सवारीसाधन चल्दा उड्ने धुलो-धुवाँले बालबालिका, वृद्ध-वृद्धा र महिलासहित सबै उमेर समूह प्रभावित भएका छन्। धुलोका कारण आँखा पोल्ने, खोकी लाग्ने, श्वासप्रश्वाससम्बन्धी समस्या देखिने गरेको स्थानीय बताउँछन्।

स्थानीय बौकीदेवी मुखियाले पीडा व्यक्त गर्दै भनिन्, 'आठ वर्षदेखि सडक नबन्दा हामी धुलो खान बाध्य छौँ। आँगनमा बसेर खाना खानुपर्दा भात-दालसँगै धुलो खानुपर्छ।



छोराछोरी धुलो-धुवाँले बिरामी भइरहेका छन्।व़ उनका अनुसार, चुनाव नजिकिँदा नेताहरू सडक बनाइदिन्छौँ भनेर आउने गर्छन्, तर चुनाव सकिएपछि फर्केर हेर्दैनन्।

**पूर्व मन्त्रीको क्षेत्र**

सिरहा क्षेत्र नम्बर ३ मा दुई पूर्वमन्त्रीसहित ३ दर्जनभन्दा बढी उम्मेदवार छन्। नेकपा एमालेबाट पूर्वमन्त्री लिलानाथ श्रेष्ठ र नेकपाबाट पूर्वमन्त्री विश्वनाथ साह

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# विकासको नाममा उपेक्षित मानवीय पक्ष

आधुनिक जनकल्याणकारी राज्य सञ्चालनको मूल आधार करुणा, विवेक र मानवीय संवेदनशीलता हो। तर शासक वर्गमा मानवीयता र करुणाको अभाव भएपछि विकासको अर्थ सडक, पुल, भवन र चम्किला पूर्वाधारमा सीमित हुँदो रहेछ। यस्तो विकास बाहिरबाट हेर्दा आकर्षक देखिए पनि भित्र गहिरो मानवीय पीडाको पक्ष लुकेको हुन्छ। अहिले नेपालमा देखिएको तथाकथित त्रभिल्के विकासत्र यसैको ज्वलन्त उदाहरण हो। फराकिला बाटाले जमिनमात्र होइन कमजोर मानिसका सम्भावना पनि खाइदिन्छ।

विगत केही वर्षमा राजधानी काठमाडौं र मोफसलका प्रमुख सहरहरूमा थुप्रै फराकिला चिल्ला सडक विस्तार, भ्युटावर र गगनचुम्बी भवनहरू बनेका छन्। यिनैको तस्बिर र सामाजिक सञ्जालका पोस्टहरूले विकासको ठूलै भ्रम सिर्जना गरेका छन्। अर्कोतिर, यही विकासको नाममा विस्थापितहरूको जीवन भने बेरोजगारी, र रोग, शिक्षा, स्वास्थ्यबाट वञ्चित नागरिकका रूपमा विपन्नताको दुश्चक्रमा फसेको छ। विडम्बना, कथित विकासका नाममा सर्वस्व भएका विस्थापितहरूका आवाज न शासकले सुन्छ न सञ्चार माध्यम वा सामाजिक सञ्जालको विषय नै बन्छ।

शासकहरूले विकासलाई भौतिक उपलब्धिको सूचीका रूपमा बुझ्छन्। कति किलोमिटर सडक बने, कति भवन ठडिए, कति अर्ब खर्च भयो भनेजस्ता सूचकमा सफलता मापन गर्छन्। तर ती सडकले गरिबको जीवन कति सहज बनायो रु ती भवनले नागरिकलाई कति सेवा दिए रु भन्ने प्रश्न सधैँ गौण हुन्छ। मानवीय करुणाविहीन शासनमा विकासको हेतु मानव हित हुँदैन बरू सत्ताको चमकदमक प्रदर्शनका लागि हुन्छ। पञ्चायत कालमा राजाको क्षेत्रीय भ्रमणका बेला काठमाडौंमा फुलेको काउलीको बिरुवा उखेलेर सुर्खेतमा राजालाई विकासको नमुना भन्दै देखाइएको चर्चित घटनाभन्दा अन्तर्यमा फरक भएको छैन आजको विकास।

नेपालमा गरिबी, बेरोजगारी, कुपोषण, मानसिक स्वास्थ्य समस्या र अपराध वृत्ति बढ्दै गएको छ। पहुँच नभए अस्पतालमा बिरामीले शय्या पाउन कठिन हुन्छ। विद्यालयको शैक्षिक गुणस्तर राम्रो छैन। किसानले उत्पादनको उचित मूल्य पाउँदैनन्। तर, राजनीतिक बहसको केन्द्रमा भने दरबार मार्गको पैदल बाटो वा दमको भ्युटावर हुन्छन्। मानवीय पीडा ओझेलमा पारेर विकास यही हो भन्ने भाष्य स्थापित गर्न खोजिन्छ। यही भाष्य भिल्के विकासको मूल चरित्र हो — चम्किलो सतह, खोक्रो भित्री संरचना।

इतिहास साक्षी छ, करुणा नभएको विकास क्रूर र क्षणिक हुन्छ। शासकहरूले नागरिकलाई संख्या ठानेर मानिसका रूपमा हेर्न छाडेपछि राज्य र समाजबीचको दूरी बढ्नु स्वाभाविकै हो। यस्तो अवस्थामा बढ्ने असन्तोष, आक्रोश र अविश्वासले अन्ततः सामाजिक संरचना भत्किन्छ। नेपाललाई अझै सडक, पुल र भवन चाहिन्छ। तर त्यसमा पनि प्राथमिकता त बाढीमा हेलिएर विद्यालय जानुपर्ने बालबालिका वा सुत्केरी व्यथा लागेर स्वास्थ्य संस्थामा पुग्न स्ट्रेचरसम्म नपाउनेहरूको न्यूनतम मानवीय आवश्यकताले पाउनुपर्ने हो।

विकास नीति बनाउँदा विस्थापितको आँसु, बेरोजगारको पीडा र बिरामीको चित्कार सुन्न सक्ने संवेदनशीलता आवश्यक हुन्छ। मानवलाई केन्द्रमा नराखी गरिएको विकास भिल्केमात्र हुन्छ— क्षणिक चमक दिने तर दीर्घकालीन अन्धकार निम्त्याउने। विकासको वास्तविक मापन मानिसको जीवन कति सहज, सुरक्षित र सम्मानजनक भयो भन्नेमा हुनुपर्छ। करुणाबिना समृद्धि खोक्रो हुन्छ भने मानवीय पक्ष बन्चाएर बनाइएका भौतिक संरचनाबाट राष्ट्र निर्माण हुँदैन।

# लोकप्रियतावादको राजनीति : जोखिम र यथार्थ

## भारतमा नरेन्द्र मोदीको उदय प्रभावशाली भाषण र सशक्त छवि निर्माणबाट भयो

**डिल्लीराम ढकाल**

राजनीतिक दर्शनशास्त्र मूलतः समाज, राज्य र अर्थतन्त्रलाई कसरी बुझ्ने र सञ्चालन गर्ने भन्ने व्यापक वैचारिक रूपरेखा हो। यही वैचारिक आधारमा राजनीतिक दलहरूको जन्म हुन्छ, तिनको नीति, दिशा तय हुन्छ र लोकतान्त्रिक व्यवस्थामा राज्यसत्ता सञ्चालनको स्वरूप निर्धारण हुन्छ। त्यसैले कुनै पनि दलको विचारधारा, सिद्धान्तगत स्पष्टता, आर्थिक दृष्टिकोण तथा नेतृत्वको नैतिक र बौद्धिक स्तरले नागरिक जीवनको गुणस्तर, अवसरको संरचना र राष्ट्रको दीर्घकालीन मार्गचित्र तय गर्छ।

आफूलाई "विचारभन्दा पर" वा "विचारविहीन" राखेर गरिने राजनीति वस्तुतः यथास्थितिलाई स्वीकार गर्ने र परिवर्तनको जिम्मेवारीबाट पन्छिने प्रवृत्ति हो। विडम्बना, नेपालमात्र होइन विश्व राजनीतिमा नै वैचारिक गहिराइ क्रमशः क्षीण हुँदैगएको र त्यसको ठाउँ भावनात्मक उत्तेजना तथा क्षणिक लोकप्रियताको लहरले ओगट्दै गएको देखिन्छ। नेपालको राजनीतिमा पनि लोकप्रियतावाद अर्थात् त्रलोकरिभ्याइँत्र वा अझ सरल शब्दमा "स्टन्टबाजी"को प्रभाव तीव्ररूपमा देखिन थालेको छ। मतदाताले दलको सिद्धान्त, नेताको चरित्र र आर्थिक दृष्टिकोणभन्दा चर्को नारा, मीठा भाषण र असम्भवजस्ता आश्वासनलाई प्राथमिकता दिन थालेका छन्। के सम्भव छ ? के असम्भव छ ? नेताले गर्न सक्ने र गर्नै नसक्ने के हो ? भन्ने यथार्थ मूल्याङ्कन ओझेलमा पर्दै गएको छ। कडा भाषण, आक्रामक अभिव्यक्ति र आकर्षक नारामै चुनावी जितहार निर्भर हुन थालेको छ।

विश्व राजनीतिले पनि यही संकेत दिएको छ। भारतमा नरेन्द्र मोदीको उदय प्रभावशाली भाषण र सशक्त छवि निर्माणबाट भयो। लगातार तीनपटक प्रधानमन्त्री बन्नु भने त्रस्टन्टबाजीत्रमात्र नभएर संगठन र रणनीतिक क्षमताको परिणाम पनि हो। तर पछिल्लो चुनावमा अघिल्लाजस्तो बहुमत कायम नहुनुले लोकप्रियता सधैँ दिगो हुँदैन भन्ने देखाएको छ। आर्थिक वृद्धिको दाबी गरिए पनि त्यसको लाभ समाजका सबै तहसम्म पुगेको छ कि छैन भन्ने प्रश्न अझै बाँकी नै छ।

अमेरिकामा डोनाल्ड ट्रम्पले आक्रामक भाषण, आप्रवासनविरोधी नारा र कठोर राष्ट्रवादी प्रतिबद्धताबाट चुनावी सफलता पाए। युक्रेनमा हास्यकलाकार जेलेन्स्कीको विजय पनि व्यवस्थाविरोधी भावनाको अभिव्यक्ति थियो। विश्वका विकसितदेखि कमजोर अर्थतन्त्र भएका देशसम्म मतदाता भावनात्मक आह्वानबाट प्रभावित हुने प्रवृत्ति बढ्दो छ।

नेपालमा पनि रवि लामिछाने र बालेन शाहजस्ता अनुहारहरू यही प्रक्रियाबाट उदाएका हुन्। पुराना दलप्रतिको असन्तोष र आक्रोशलाई नारा र भाषणमार्फत संगठित गरेर उनीहरूले जनसमर्थन पाए। तर स्टन्टबाजी सधैँ स्थायित्वको आधार बन्दैन। रवि लामिछानेमाथि लागेका सहकारी प्रकरणका आरोप र कानुनी जटिलताले देखाएको छ चर्का आश्वासनले मात्रै नैतिक विश्वसनीयता जोगिँदैन। बालेन शाहले काठमाडौँमा केही सुधारात्मक पहल गरे पनि दीर्घकालीन संरचनात्मक परिवर्तन कति सम्भव भयो भन्ने मूल्याङ्कन समयले गर्नेछ। व्यवस्थाविरोधी आक्रोश व्यक्त गर्नु र जटिल राज्य संरचना सञ्चालन गर्नु फरक कुरा हुन्।

मुख्यधारका दलहरू पनि निर्दोष छैनन्। विगतका आन्दोलन र रूपान्तरणको नेतृत्व गरेका दलहरू सत्तामा पुगेपछि जनअपेक्षा पूरा गर्न असफल भए। भ्रष्टाचार, बेरोजगारी, आर्थिक असमानता र सुशासनको अभावले नागरिकमा निराशा बढायो। यही निराशाले युवा पुस्तालाई देशबाहिर धकेल्यो। त्रब्रेन ड्रेनत्र आर्थिक समस्यामात्र होइन राजनीतिक असफलताको प्रतिविम्ब पनि हो। स्थापित दलहरूले आशा जगाउन नसकेपछि मतदाता नयाँ अनुहारतर्फ आकर्षित हुनु स्वाभाविकै थियो।

यही सन्दर्भमा यसपटक नेपालमा आगामी फागुन २१ गते हुने भनिएको निर्वाचन लक्षित गरी केही दलहरूले आआ नो तर्फबाट प्रधानमन्त्रीका उम्मेदवार घोषणा गरेका छन्। त्यसैले सम्भावित प्रधानमन्त्री आकांक्षीहरूको चर्चा पनि अपरिहार्य हुन्छ। केपी शर्मा ओली अनुभवी नेता हुन् तर उनको कार्यशैली ध्रुवीकरणकारी र व्यक्ति केन्द्रित देखिन्छ। अनुभव हुँदाहुँदै पनि विश्वासको संकट गहिरिएको देखिन्छ।

बालेन शाह नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने लोकप्रिय अनुहार हुन् तर राष्ट्रिय स्तरको शासन, संघीय समन्वय र कूटनीतिक जटिलतामा उनको अनुभव अझ परीक्षणकै चरणमा छ। गगन थापा भने करिब तीन दशक लामो राजनीतिक अभ्यासबाट आएका नेता हुन्। विद्यार्थी आन्दोलनदेखि संसदीय राजनीतिसम्मको निरन्तर यात्रा, स्वास्थ्यमन्त्रीका रूपमा देखाएको कार्यक्षमता, नीति बहसमा सक्रियता र संस्थागत लोकतन्त्रप्रतिको प्रतिबद्धताले उनलाई परिपक्व बनाएको छ।

उनको राजनीति भावनात्मक नारामा मात्र आधारित पनि छैन। वैचारिक स्पष्टता, संगठन निर्माण र दीर्घकालीन सोचमा आधारित छ। वर्तमान संक्रमणकालीन अवस्थामा अनुभव, बौद्धिक क्षमता र लोकतान्त्रिक प्रतिबद्धताको संयोजन आवश्यक हुन्छ जसका आधारमा गगन थापा तुलनात्मकरूपमा बढी योग्य र उपयुक्त देखिन्छन्।

इतिहासले सिकाएको छ क्षणिक लहरमा उठेको नेतृत्व दीर्घकालीनरूपमा टिक्न कठिन हुन्छ। विसं २०६४ मा बहुमतसहित उदाएको शक्ति आज कमजोर हुनु वा शक्तिशाली देखिएका विश्व नेताहरूको लोकप्रियता घट्दै जानु सबैले एउटै सन्देश दिन्छन् : स्टन्टबाजीले क्षणिक विजय दिलाउन सक्छ तर स्थायी विश्वास निर्माण गर्न सक्दैन।

लोकतन्त्रमा लोकप्रियता आवश्यक हुन्छ तर त्यो लोकप्रियता यथार्थवादी योजना, स्पष्ट विचार र कार्यान्वयन क्षमतासँग जोडिएको हुनुपर्छ। मतदाताले दलको सिद्धान्त, घोषणापत्र, आर्थिक दृष्टिकोण र उम्मेदवारको चरित्र अध्ययन गरेर निर्णय लिनसक्ने राजनीतिक संस्कार विकास गर्नु आजको आवश्यकता हो। क्षणिक नारामा बहकिनु महाभूल हुन सक्छ।

नेपाललाई अहिले भावनाभन्दा विवेक, व्यक्तिवादभन्दा संस्थागत मजबुती र स्टन्टबाजीभन्दा उत्तरदायित्वमा आधारित नेतृत्व चाहिएको छ। क्षणिक लोकप्रियताले ताली पाउन सक्छ तर राष्ट्र निर्माण दीर्घकालीन सोच, नैतिक दृढता र अनुभवी नेतृत्वले मात्रै सम्भव बनाउँछ।

लोकप्रियतावादको सबैभन्दा ठूलो जोखिम के हो भने यसले जटिल समस्यालाई अत्यन्त सरलरूपमा प्रस्तुत गर्छ। अर्थतन्त्र, कूटनीति, संघीय संरचना, सुरक्षा र छिमेकी सम्बन्ध यी सबै गहिरा र संवेदनशील विषय हुन् जसको समाधान दीर्घकालीन नीति, विशेषज्ञता र संस्थागत प्रक्रियाबाट मात्र सम्भव हुन्छ। तर लोकप्रियतावादले "छिटो समाधान" को भ्रम सिर्जना गर्छ। जब ती वाचा पूरा हुन सक्दैनन् जनआक्रोश झन् गहिरो बन्छ र लोकतान्त्रिक संस्थाप्रतिको विश्वास कमजोर हुँदै जान्छ। यसले राज्यलाई अस्थिरता, नीतिगत अन्योल र बाह्य प्रभावको जोखिमतर्फ धकेल्न सक्छ।

लोकप्रियतावादको अर्को कटु यथार्थ के हो भने यो प्रायः असन्तोषको लक्षण त हो समाधान होइन। स्थापित दलहरू असफल हुँदा लोकप्रियतावादी अनुहार जन्मिन्छ। त्यसैले यसको उदयलाई पूर्णरूपमा रोक्न भ्रष्टाचार, बेरोजगारी, असमानता र अवसरको अभावजस्ता त्यसका कारकहरूको समाधान आवश्यक हुन्छ। मूल समस्यामा सुधार भएन भने लोकप्रियताको लहर फेरि फेरि दोहोरिन्छ, अनुहार फेरिन्छ तर प्रवृत्ति बदलिँदैन।

यसकारण लोकप्रियतावादलाई भावनात्मक प्रतिक्रिया वा उत्साहको रूपमा होइन लोकतन्त्रमा संकटको चेतावनी संकेतका रूपमा बुझ्नुपर्छ। यसले देखाउँछ नागरिक असन्तुष्ट छन् र परिवर्तन चाहन्छन्। तर त्यो परिवर्तन विवेकपूर्ण, संस्थागत र उत्तरदायी हुनुपर्छ। अन्यथा लोकप्रियताको क्षणिक उन्मादले दीर्घकालीन राजनीतिक अस्थिरता र राष्ट्रिय हितमा क्षति पुऱ्याउन सक्छ।

अन्ततः लोकतन्त्रको शक्ति जनमतमा हुन्छ तर जनमतलाई मार्गदर्शन गर्ने जिम्मेवारी भने नागरिककै हो। लोकप्रियतावादको जोखिम बुझ्दै यथार्थमा आधारित निर्णय गर्ने राजनीतिक संस्कार विकास गर्न सकेमात्र नेपाल स्थायित्व, समृद्धि र सार्वभौमिकताको दिशामा अगाडि बढ्न सक्छ। त्यसैले आगामी निर्वाचनमा मतदान गर्नुअघि नेपाली मतदाताले सबैभन्दा बढी विचार पुऱ्याउनुपर्ने यसैमा हो।

# सर्लाहीमा चार लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने

सर्लाही, १७ माघ। सर्लाहीका १२ स्थानीय तहमा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइने भएको छ। स्वास्थ्य कार्यालय सर्लाहीका अनुसार जिल्लाको १२ वटा पालिकामा हात्तीपाइले रोग सङ्क्रमण फैलिरहेको पाइएपछि विशेष अभियानमार्फत औषधि खुवाउन थालिएको हो। विश्व स्वास्थ्य संगठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जिल्लाका २० पालिकालाई दुई भागमा विभाजन गरेर गत असोजमा हात्तीपाइले रोग सङ्क्रमणको परीक्षण गरेको थियो। परीक्षणका क्रम रोग फैलिने क्रम जारी रहेपछि औषधि सेवन गराउन लागेको हो।

परीक्षण टोलीले जिल्लाको बलरा नगरपालिका, रामनगर गाउँपालिका, धनकौल गाउँपालिका, बसबरिया गाउँपालिका, चक्रघट्ट गाउँपालिका, गोडैता नगरपालिका, विष्णु गाउँपालिका, कौडेना गाउँपालिका, मलंगवा नगरपालिका, ब्रह्मपरी गाउँपालिका, पर्सा गाउँपालिका र हरिपुर्वा नगरपालिकालाई एउटा समूहमा राखेर परीक्षण गरेको हो। टोलीका अनुसार बलरा, चक्रघट्ट र ब्रह्मपुरीबाट लिएको ३०० नमूनामध्ये २८ जनामा हात्तीपाइले सङ्क्रमण पाइएको थियो।

त्यसमध्ये पनि राति १२ बजे लिएको २८ जनाको नमूनामा पाँच जना सक्रिय सङ्क्रमित फेला परेका स्वास्थ्य कार्यालय मलंगवाका हात्तीपाइले रोग नियन्त्रण शाखा संयोजक मनोज झाले जानकारी दिनुभयो। जिल्लाका उत्तरी क्षेत्रका बाँकी आठ पालिकामा भने हात्तीपाइले रोग फैलन क्रम रोकिएको पाइएको छ। "हात्तीपाइलेका नयाँ बिमारी फेला परेका पालिकामा विश्व स्वास्थ्य सङ्गठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका चिकित्सक टोलीकै उपस्थितिमा आम औषधि खुवाउने काम भइरहको छ," संयोजक झाले भन्नुभयो।

"अभियानअन्तर्गत सुरुमा पालिकाका स्वास्थ्यकर्मी र स्वयम्सेविकालाई औषधि खुवाउने तौरतरिकाबारे प्रशिक्षण दिइनेछ, त्यसपछि उहाँहरूलाई घरघरमै पठाएर औषधि खुवाउन लगाउने गरिएको छ। मलंगवा नगरपालिकामा माघ ८ गतेदेखि औषधि खुवाउन सुरु गरिसकिएको र अन्य पालिकाहरूमा तालिम चलिरहेको छ", स्वास्थ्य कार्यालय प्रमुख झाले भन्नुभयो। हात्तीपाइलेविरुद्धको औषधि दुई वर्षदेखि माथि उमेरका सबैलाई सेवन गराइने उहाँले बताउनुभयो।

बाह्र स्थानीय तहका ८० प्रतिशतले हुन आउने चार लाख ३० हजार ९४१ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ। कार्यक्रमअन्तर्गत बुधबार हात्तीपाइले रोग उन्मूलनसम्बन्धी अन्तरक्रिया गरिएको थियो। हात्तीपाइले रोगले शरीरमा गम्भीर क्षति पुऱ्याउने भए पनि समयमै र नियमित औषधि सेवनले यसको रोकथाम गर्न सकिने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकु काठमाडौंका डा शशि बडेलले जानकारी दिनुभयो। हात्तीपाइले रोगका कारण दीर्घकालीन अपाङ्गता निम्तिन सक्ने जोखिम

–बाँकी अन्तिम पेजमा

# चुनावी प्रतिस्पर्धामा महिला उम्मेदवार : दलभन्दा स्वतन्त्र उम्मेदवार बढी

शीतलप्रसाद महतो

काठमाडौँ, १७ माघ। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवारी दिएका दलित, आदिवासी, मधेसी र मुस्लिम महिला चुनावी चर्चा, परिचर्चाभन्दा बाहिर रहेका छन्। अधिकांशले स्वतन्त्र तथा साना दलबाट उम्मेदवारी दिएका कारण उनीहरू चर्चामा छैनन्। सञ्चारमाध्यममा पनि मधेसी महिला उम्मेदवारहरूले स्थान पाउन नसकेको गुनासो छ। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ कूल ३८८ महिलाले उम्मेदवारी दिएका छन्। तीमध्ये १५७ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन्। यसैगरी मधेस प्रदेशबाट ६८ जना स्वतन्त्रसहित ११० जना महिला उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। मधेस प्रदेशका आठ जिल्लामा ३२ निर्वाचन क्षेत्र छन्। तीमध्ये पर्सामा सात जना स्वतन्त्रसहित १२, बारामा १० जना स्वतन्त्रसहित १६, रौतहटमा नौ जना स्वतन्त्रसहित १३, सर्लाहीमा तीन जना स्वतन्त्रसहित ११, महोत्तरीमा ११ जना स्वतन्त्रसहित १९, धनुषामा १२ जना स्वतन्त्रसहित १५, सिरहामा पाँच जना स्वतन्त्रसहित आठ र सप्तरीमा ११ जना स्वतन्त्रसहित २० जनाले उम्मेदवारी दिएर चुनावी मैदानमा ओर्लिएका छन्। यसरी यस प्रदेशमा सबैभन्दा बढी महिला उम्मेदवार सप्तरीबाट २० जना र सबैभन्दा कम सर्लाहीबाट आठजना छन्।

मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ सिटमध्ये नेपाली काँग्रेसले दुई जना महिलालाई उम्मेदवार बनाएको छ। तीमध्ये सिरहा–४ मा चन्द्रकला यादव र महोत्तरी–२ मा किरण यादव रहेका छन्। त्यस्तै नेकपा (एमाले) तीन जना महिलालाई उम्मेदवार बनाएको छ। मधेसबाट एमालेले उम्मेदवार बनाएका महिलाहरूमा पर्सा–१ मा रिमाकुमारी यादव, बारा–३ मा ज्वालाकुमारी साह र धनुषा–३ मा जुलीकुमारी महतो छन्। यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीबाट सप्तरी–१ मा पुष्पा चौधरी, धनुषा–१ मा किशोरी साह, महोत्तरी–४ मा गौरीकुमारी यादव र सर्लाही–१ मा नितिमा कार्की (भण्डारी) गरी चार जना महिलालाई उम्मेदवार बनाएका छन्।

नेपाली कम्युनिष्ट पार्टीले दुई जना महिलालाई उम्मेदवार बनाएका छन्। तीमध्ये रौतहट–३ मा पुनम देवी र सप्तरी–४ मा रुबीकुमारी कर्ण रहेका छन् भने जनमत पार्टीले पर्सा–३ बाट मालती कुशवाहा र ४ बाट सीमा कलवारलाई उम्मेदवार बनाएर चुनावी प्रतिस्पर्धामा ओर्लिएका छन्। यसैगरी यो प्रदेशमा सबैभन्दा बढी नेपाल मजदुर किसान पार्टीले पाँच जना महिलालाई उम्मेदवार बनाएको छ। तीमध्ये रौतहट–३ बाट रेखा पटेल, सर्लाही–३ बाट रमा कोइराला, सप्तरी–२ बाट नीलमकुमारी यादव, धनुषा–३ बाट गङ्गालक्ष्मी वैद्य र महोत्तरी–१ बाट कृष्णश्वरी मानन्धर रहेका छन् भने आमजनता पार्टीले चार जना महिलालाई उम्मेदवार बनाएको छ। तीमध्ये पर्सा–२ बाट रञ्जुकुमारी साह, सर्लाही–४ बाट रिङ्की साह, सप्तरी–४ बाट अनिताकुमारी चौधरी, सिराहा–३ बाट ज्ञानुदेवी दनुवार रहेका छन्।

त्यस्तै मङ्गोल नेशनल अर्गनाइजेशनले दुई जना महिलालाई उम्मेदवार बनाएको छ। तीमध्ये बार–२ राधादेवी महरा र बारा–३ बाट सम्फना गोलेलाई सो पार्टीले उम्मेदवार बनाएर चुनावी प्रतिस्पर्धामा ओर्लिएको छ।

यसैगरी राप्रपा, श्रम संस्कृति पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल राष्ट्रिय जनमोर्चा, राष्ट्रनिर्माण दल नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेपाल जनता पार्टी, जनता समाजवादी पार्टी नेपाल, उज्यालो नेपाल पार्टी, राष्ट्र निर्माण दल, श्रमशक्ति पार्टी र जसपा नेपालबाट एक–एक जनाले उम्मेदवारी दिएका छन्। मधेस प्रदेशमा एक जना पनि महिला उम्मेदवार नभएको क्षेत्र रौतहट–२ रहेको छ। केही पूर्वमन्त्रीहरूको समेत राजनीतिक भविष्य जोडिएको हुनाले त्यस क्षेत्रमा हुने रोचक चुनावी प्रतिस्पर्धाले सबैको ध्यान तानेको छ। अधिकांश महिलाले दलमा अवसर नपाएको र आ ना मुद्दा उठाउन स्वतन्त्र उम्मेदवारी दिएका देखिन्छ। केही क्षेत्रमा डमी उम्मेदवारको प्रवृत्ति बढ्दै गएको विश्लेषकहरूको भनाइ छ।

पूर्वमन्त्री तथा नेकपा (एमाले)का केन्द्रीय सदस्य जुलीकुमारी महतो धनुषा क्षेत्र नं.३ बाट नै चुनावी मैदानमा उत्रिनुभएको छ। एमालेको राजनीतिमा क्रियाशील भएकी महतो अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा यसै निर्वाचन क्षेत्रबाट विजयी भएकी थिइन्। नेता महतोले नेपाली काँग्रेसका उम्मेदवार विमलेन्द्र निधि, जनता समाजवादी पार्टीका परमेश्वर साह, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजीव झा, नेपाली कम्युनिष्ट पार्टीका रामललित मण्डलसहितका उम्मेदवारहरूसँग कडा प्रतिस्पर्धा गरिरहनुभएको छ।

यसअघि २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा क्षेत्रबाट एमालेकी जुली महतोले ३३ हजार ३८८ मत ल्याएर चुनाव जित्नुभएको थियो तर उक्त क्षेत्रमा नेपाली काँग्रेसको समेत बलियो पकड कायम छ। नेता विमलेन्द्र निधिले त्यसै क्षेत्रबाट २०६४ र २०७० को संविधानसभा सदस्यको चुनाव जित्नुभएको थियो।

विसं २०६४ मा निधिसँग प्रतिस्पर्धा गर्दा नेता जुली महतो पराजित भएपछि २०७० मा समानुपातिक सांसद बन्नुभएको थियो। विसं २०७४ मा भएको निर्वाचनमा तत्कालीन राजपाका नेता राजेन्द्र महतोबाट नेता निधि पराजित हुनुभएको थियो भने नेता जुली महतो समानुपातिक सांसद बन्नुभएको थियो। त्यस्तै २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा नेता निधिले समानुपातिक रोज्दा गठबन्धनकोतर्फबाट अनिलकुमार झालाई हराउँदै एमालेकी जुली महतो निर्वाचित हुनुभयो। यसपटकको आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनता समाजवादी पार्टीका परमेश्वर साह, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजीव झा र नेपाली कम्युनिष्ट पार्टीका राम ललित मण्डलसहित अन्य विभिन्न दलबाट उम्मेदवारी दिएकाले रोचक प्रतिस्पर्धा हुने निश्चित छ।

यसैगरी, नेपाली काङ्ग्रेसकी नेत्री किरण यादव महोत्तरी क्षेत्र नं २ बाट चुनावी प्रतिस्पर्धामा उत्रिनुभएको छ। महिलाको मुद्दामा लामो समयदेखि लड्ने र नागरिक अधिकार स्थापनाका लागि पनि निकै सक्रियताका साथ लाग्नुभएकी नेत्री यादवले नेपाली राजनीतिलाई अस्थिरताको भुमरीबाट निकाल्न महिलामैत्री राजनीति अपरिहार्य भएको हुँदा आफ्नो उम्मेदवारी भएको बताउँदै अहिले महिलाको चाहना समान अवसर तथा स्रोत र शक्तिमा समान अधिकार मात्र होइन, समान उपलब्धि पनि हो र यसका लागि धेरैभन्दा धेरै महिला प्रतिनिधिसभामा जितेर जानुपर्दछ भन्नुभयो। "विभिन्न समयमा भएको सामाजिक र राजनीतिक आन्दोलनले महिला र पुरुषको सामाजिकीकरणको प्रक्रियालाई परिवर्तन गरेको छ", उहाँले भन्नुभयो।

मुख्यत: सङ्घीय लोकतान्त्रिक संविधानको संरक्षणबाट मात्र मधेसको आर्थिक विकासको आधार सिर्जना हुने भएकाले चुनावमा सङ्घीय संविधानको रक्षा र विकासको नारा सँगसँगै लिएर आफू चुनावी मैदानमा होमिएको उहाँले बताउनुभयो। विशेषगरी महोत्तरी–२ कांग्रेसको गढ भए पनि पछिल्लो समय जसपाका नेता शरत्सिंह भण्डारीले निरन्तर चुनाव जित्दै आउनुभएको छ। यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेत्री किरण यादव जनता समाजवादी पार्टीका नेता शरत्सिंह भण्डारी, नेकपा (एमाले)का कासिम नदाफ, नेपाली कम्युनिष्ट पार्टीका लक्ष्मणकुमार यादवसहितका उम्मेदवारहरूसँग कडा प्रतिस्पर्धा गरिरहनुभएको छ।

यसअघि २०७९ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेता भण्डारीले लोसपाबाट २५ हजार १९० मत ल्याएर विजयी हुनुहुँदा तमलोपाका विजयकुमार सिंहले ११ हजार १२० र एमालेका राम परीक्षण यादवले १० हजार २५८ मत ल्याउनुभएको थियो। विसं २०७४ मा काङ्ग्रेसले सिट नपाएर भण्डारीले सहजै चुनाव जिते पनि यसपटक कांग्रेसकी किरण यादवसमेत उम्मेदवार भएको हुनाले त्यस क्षेत्रमा रोचक प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

त्यस्तै पूर्वमन्त्री तथा नेकपा (एमाले)का नेत्री ज्वालाकुमारी साह बारा क्षेत्र नं.३ बाट चुनावी प्रतिस्पर्धामा उत्रिनुभएको छ। यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा उहाँ नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुर, जनमत पार्टीका प्रमोदप्रसाद गुप्ता, जसपा नेपालका रामबाबुकुमार यादव र रास्वपाका अरविन्द साहसहितका उम्मेदवारसँग कडा प्रतिस्पर्धा गरिरहनुभएको छ। यसअघि २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा यस क्षेत्रबाट एमालेकी ज्वालाकुमारी साहले २० हजार २५१ मत ल्याएर निर्वाचित हुँदा जसपाका रामबाबुकुमार यादवले १७ हजार २७९ र लोसपाका लालबाबु सिंह भुईंहारले ११ हजार ९६४ मत प्राप्त गर्नुभएको थियो।

अधिकांश महिला उम्मेदवारहरूले ठूला दल र शक्तिशाली उम्मेदवारबीच किन स्वतन्त्र उम्मेदवार बनेको भन्ने प्रश्नको जवाफमा राजनीतिमा महिलाको उपस्थिति कमजोर छ, त्यसैले स्वतन्त्र रूपमा उम्मेदवारी दिएर महिला सशक्तीकरणको सन्देश दिएको बताउनुहुन्छ। "महिला अझै अग्रसर हुन सकेका छैनन्र। मेरो प्रतिनिधित्वले अरू महिलालाई पनि अघि बढ्न प्रेरणा मिलोस् भन्ने चाहना हो", उहाँहरूको भनाइ छ। पछाडि परेका, पीडित र राज्यको पहुँचबाट बाहिर परेका समुदायका घाउमा मलहम लगाउन सकिन्छ भन्ने विश्वासका साथ आफू चुनावी प्रतिस्पर्धामा उत्रिएको रौतहट–३ बाट स्वतन्त्र उम्मेदवारी दिनुभएको सुजिताकुमारी गौतमको भनाइ छ। प्रतिस्पर्धाको कृत्रिम कुरा गरेर सदियौँदेखि उत्पीडन एवं राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारबाट बञ्चित मधेसका अल्पसङ्ख्यक मुस्लिम र दलित महिलाले जितेर आउलान् भनेर नै उनीहरूलाई नल्याउने योजना हो, सप्तरी–२ का स्वतन्त्र उम्मेदवार अम्बिकादेवी साफीले भन्नुभयो, "निर्वाचनका माध्यमबाट मुलुकमा आफ्नो अधिकार सुनिश्चित गर्न सम्पूर्ण दलित र अल्पसङ्ख्यक मुस्लिम महिलाले चुनावमा सक्रिय सहभागिता जनाउनु पर्दछ।"

चुनावमा महिलालाई अवसर नदिएको विरोधस्वरूप स्वतन्त्र उम्मेदवारी दिनेहरू पनि धेरै छन्र। नेपालको राजनीतिक परिप्रेक्ष्यमा महिलाको पहुँच सीमित रहेको र राजनीतिक दलमा महिलालाई नेतृत्व र निर्णायक भूमिकामा अवसर नदिएका कारण स्वतन्त्रमा महिला आउने गरेका छन्। आगामी फागुन २१ को निर्वाचनका लागि उम्मेदवार बनेका नेता तथा तिनका कार्यकर्ताका नाचगान र नारा जुलुसले मधेस प्रदेशमा चुनावी उल्लास देखिएको छर। महिला र पुरुषको जन्म समान रुपबाट हुने गरे पनि दलहरूमा अझै महिलालाई आलङ्कारिक ( सेरोमोनियल) उपस्थिति गराउने चलन रहेको छ, पर्सा क्षेत्र नं २ बाट राप्रपाकोतर्फबाट उम्मेदवार बन्नुभएका वीणा जयसवालले भन्नुभयो, "पुरुष त चुनाव जितेर गए तर सङ्घीय लोकतान्त्रिक संविधानको प्रभावकारी कार्यान्वय गर्न सकेनन् भने यसपालि मतदाताले हामीलाई पत्याएमा चुनाव जितेर गएपछि संविधानको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय भूमिका निर्वाह गर्छौं र महिलाको अधिकार पनि सुनिश्चित पार्छौं।"

हामी चुनाव अभियानमा रातदिन लागेका छौँ तर हाम्रो गतिविधि प्रचारप्रसार नहुँदा चर्चा नभएको हो, महिला उम्मेदवारहरू एकै स्वरमा भन्नुभयो, "महिला उम्मेदवारलाई सञ्चार माध्यमले पनि ध्यान दिन सकेको छैन्। राजनीतिमा कमै मधेसी तथा मुस्लिम महिला लाग्ने भएकाले उहाँहरूको उम्मेदवारी सञ्चारमाध्यमका लागि गतिलो विषय हुन सक्दछ।" उहाँहरूले मधेसी, दलित र मुस्लिम वर्गको महिलाको उम्मेदवारीलाई सञ्चारमाध्यमले विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

## सिरहा ३ :...

उम्मेदवार छन्। यस्तै जसपा नेपालबाट अशेश्वर यादवले उम्मेदवारी दिएका छन्। उनी यसअघि २०७४ मा एमालेका लिलानाथ श्रेष्ठसँग झिनो मतान्तरले पराजित भएका थिए। कांग्रेसबाट सुभाषचन्द्र यादवलाई उम्मेदवार छन्। उनी पूर्वमन्त्री एवं कांग्रेसकी पूर्वकोषाध्यक्ष सीतादेवी यादवका छोरा हुन्।

जनमत पार्टीबाट रोहित महतो र रास्वपाबाट शम्भु यादव उम्मेदवार छन्। मत माग्दै गाउँगाउँ डुलिरहेका उनीहरुले सडक निर्माणलाई पनि मुद्दा बनाएका छन्। तर स्थानीयलाई छिट्टै बन्ला भन्नेमा विश्वास लागिरहेको छैन। स्थानीय कैली राम चिन्ता व्यक्त गर्दै भन्छन्, 'भोट हाल्दा–हाल्दै मर्ने उमेर भइसक्यो, तर लगदी–गदियानी सडक कहिले बन्छ थाहा छैन। मेरो पालामा कालोपत्रे देख्न पाइएला जस्तो छैन। यस क्षेत्रका मतदाताहरू अब भाषण गर्ने होइन, काम गरेर देखाउने नेतृत्व खोजिरहेका छन्। पटक–पटक चुनावमा जितेर जाने तर जनताको समस्या वर्षौंसम्म नसुन्ने नेताप्रति स्थानीयहरू आक्रोशित छन्।

स्थानीय युवा मनिष कुमार महराले आक्रोश पोख्दै भने, 'हामी ८ वर्षदेखि सडकको धुलो खाँदै आएका छौँ। मानिस बिरामी पर्न थाले, तर आजसम्म सडक बन्न सकेको छैन। हरेक चुनावमा यही सडकलाई एजेन्डा बनाएर मत मागिन्छ। अब हामीलाई नयाँ, इमानदार र काम गर्ने नेता चाहिएको छ।

गोलबजार नगरपालिका, अर्नामा गाउँपालिका, सिरहा नगरपालिका लगायत आसपासका जम्दह, लालपुर, बेतौना, महनौर, बुदियाचाप, रामजानकी बजार, हरकट्टा, कैलपुर, हकपारा, कट्टिटोल, सिक्का ज्योती हुँदै लगदी–गदियानी बस्ती जोड्ने यो सडक नबन्दा करिब एक लाखभन्दा बढी नागरिक प्रत्यक्ष प्रभावित छन्। यस निर्वाचन क्षेत्रमा १ लाख १९ हजार मतदाता छन्। स्थानीयका अनुसार यो सडक निर्माण सम्पन्न भएमा व्यापार, शिक्षा, स्वास्थ्य सेवा र आवागमन सबै सहज हुने थियो। तर ८ वर्ष बित्दा पनि काम पुरा नहुँदा विकासप्रति जनताको विश्वास कमजोर बन्दै गएको छ।

सिरहा क्षेत्र–३ का मतदाताहरू यसपटक अघिल्ला निर्वाचनभन्दा फरक निर्णय लिने मनस्थितिमा देखिन्छन्। उनीहरू भन्छ– अब बाचा मात्रै सुन्ने समय सकियो। काम गरेर देखाउनेलाई मात्रै भोट दिन्छौं।


## बोलपत्रद्वारा काठ/दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२।१०।१५**

श्री काभ्रे महादेवसामुदायिक वन उपभोक्ता समूह, लहान–१६, सिराहाको वनबाट उत्पादन भई लहान–१६, पिपलचौक घाटगद्दीमा विभिन्न लट वनाई राखिएको साल, असना, पाजन, कर्मा र लामपाते जातको काठ जम्मा २०५४.७९ घ.फि.र दाउरा १ (एक) चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यससम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री काभ्रे महादेव सामुदायिक वन उपभोक्ता समूह,**
**लहानन.पा–१६, सिराहा**


छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# आठपटक म्याद थप्दा पनि हुलाकी सडक स्तरोउन्नतिको काम भएन



सिरहा, १५ माघ। आठौँपटक म्याद थप्दा पनि धनुषाको जनकपुर–कदम चोक–तीनकोरिया– सघारा–कमालपुल–पूर्व महावीर चोक सिरहा खण्डको हुलाकी सडक स्तरोउन्नति अझै काम पूरा भएको छैन। रु १९ करोड१४ लाखमा ३७ हजार१६७ (भ्याटसहित) लागतमा साढे पाँच किलोमिटर सडक कालोपत्र गर्ने जिम्मा लिएका धुकुछु कन्स्ट्रक्सन प्रालि बुद्धनगर काठमाडौँले अहिलेसम्म ८५ प्रतिशत काम मात्रै गरेको छभने वित्तीय प्रगति ६३ दशमलव २५ प्रतिशत रहेको छ।

सो ठेक्का भेरिएसन भएर लागत रु २१ करोड ९३ लाख ६२ हजार १८९ पुगेको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका सूचना अधिकारी इन्जिनियर कुमार रायले बताउनुभयो। जनकपुर–कदमचौक– कप्टोल–तिनकोरीया– सघारा–कमला पुल हुलाकी सडक स्तरोउन्नतिका लागि ठेक्का भएकामा पहिला नै उक्त खण्डको केही भागको निर्माण भइसकेकाले ठेक्काअनुसार बाँकी रहेको कार्य गर्न कमला पुलदेखि पूर्व सिरहा बजारको महावीर चोकसम्मको डेढ किलोमिटर सडक बनाउन जिम्मेवारी दिइएको हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका इन्जिनियर सूर्यनारायण मण्डलले जानकारी दिनुभयो।

विसं २०७४ असारमा ठेक्का सम्झौता भएको उक्त सडक २०७५ पुससम्म बनिस किनुपर्नेमा अहिलेसम्म आठपटक म्याद थप गरेर निर्माण कम्पनी धुकुछु कन्स्ट्रक्सन प्रालिले काम गरिरहेको छ। थपिएको म्याद आउँदो चैतमा सकिने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयले जनाएको छ। सिरहा बजारको महावीर चोकदेखि पूर्व भगवानपुर बलान पुलसम्म सडक कालोपत्र भई सञ्चालमा रहे पनि सिरहाको महावीर चोकदेखि पश्चिम बसबिट्टा कमला बाँधसम्मका डेढ किलोमिटर सडक नबन्दा यहाँका स्थानीय धुलाम्य सडकमा यात्रा गर्न बाध्य रहेका छन्।

“निर्माण कम्पनीका प्रतिनिधि जयमोद झाले यही हप्ताको मङ्गलबारदेखि बजार खण्डमा काम सुरु भएको छ, हामी मेसिनसहित पुगिसकेका छौँ, चैतभित्र काम सक्नेगरी काम भइरहेको छ”, उहाँले भन्नुभयो, “धुलो नियन्त्रनका लागि पानी छर्कन आजै सेफ्टी ट्याङ्की आएको भोलिदेखि नियमित रूपमा पानी छर्किने काम हुने छ।” समयमै सडक कालोपत्र नहुँदा धुलो उडेर घर तथा पसलमा बस्न सास्ती भएको गुनासो स्थानीय राजीव यादवको रहेको छ। “हुलाकी सडकको धुलो खाएको लामो समय भयो, दैनिक धुलाम्मे सडकमा पानी पनि नहाल्दा निकै समस्या भइरहेको छ।”

# आन्तरिक राजस्व कार्यालय भैरहवाको राजस्व उल्लेख्य वृद्धि

भैरहवा, १७ माघ। आन्तरिक राजस्व कार्यालय भैरहवाले चालु आर्थिक वर्ष २०८२/०८३ को छ महिनामा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ। आन्तरिक राजस्व विभागबाट साउनदेखि पुस महिनासम्ममा रु छ अर्ब ६३ करोड ७० लाख ५१ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको यस कार्यालयले रु आठ अर्ब १७ करोड १९ लाख ९७ हजार सङ्कलन गरेको छ। कार्यालयका प्रमुख कर अधिकृत प्रेमराज पोखेलका अनुसार गत आव २०८१/०८२ को सोही अवधिभन्दा यस वर्ष ४७ दशमलव चार प्रतिशतले राजस्व सङ्कलनमा वृद्धि भएको छ। चालु आवको पुससम्म लक्ष्यभन्दा रु एक अर्ब ५३ करोड बढी अर्थात् लक्ष्यभन्दा २३ दशमलव एक प्रतिशत बढी राजस्व सङ्कलन भएको हो। गत आवको तुलनामा यो रु दुई अर्ब ६३ करोडले बढी हो।

चालु आवको पुस महिनामा रु एक अर्ब २६ करोड ८७ लाख १३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको कार्यालयले रु एक अर्ब ६६ करोड ८७ लाख ९१ हजार अर्थात् लक्ष्यको ३१ दशमलव पाँच प्रतिशत बढी सङ्कलन गरेको छ। आन्तरिक राजस्व विभागले आन्तरिक राजस्व कार्यालय भैरहवालाई चालु आव २०८२/०८३ मा रु १५ अर्ब ५० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ। आन्तरिक राजस्व कार्यालयको सक्रियताका कारण कर सङ्कलनमा उल्लेख्य वृद्धि भएको यहाँ कार्यरत कर्मचारी दाबी छ। अर्थतन्त्रमा परिसूचकमा देखिएको सुधार र स्थानीयस्तरमा बक्यौता असुलीका लागि कार्यालयको पहलबाट लक्ष्यभन्दा माथि कर सङ्कलन भएको कार्यालयले जनाएको छ।

करदाताको घर ठेगाना, कारोबारस्थलमा पत्राचार गर्ने, एसएमएस र टेलिफोनबाट सूचित गर्ने, स्थानीय तहसँग समन्वय गरेर सूचना टाँस गर्ने, नियमित, क्षेत्रगत र प्रभावकारी रूपमा बजार अनुगमन, आर्थिक गतिविधिमा पनि केही वृद्धि भएको कारण राजस्व सङ्कलन बढेको प्रमुख कर अधिकृत पोखेलको भनाइ छ। यस अवधिमा बजेटले दिएका छुट सुविधा कार्यान्यवन, करदाता शिक्षालाई बढी प्रभावकारी, नक्कली बिजक जारी गर्ने करदातालाई कारबाही गरिएको उहाँले बताउनुभयो। कर छलीलाई न्यूनीकरण गर्ने प्रयास गरिएको उहाँको भनाइ छ।

आन्तरिक राजस्व कार्यालय भैरहवाले करदाताबाट बाँकी–बक्यौता असुली गर्दै राजस्व सङ्कलन बढाउने उद्देश्यले विशेष अभियान सञ्चालन गरेको थियो। कार्यालयले २०८२ कात्तिकदेखि पुससम्म सञ्चालन गरेको यो अभियानबाट रु१२ करोड६२ लाख बक्यौता राजस्व सङ्कलन भएको छ। आयकर, मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क नबुझाएका करदातासम्म प्रत्यक्ष पुगेर राजस्व दाखिलाका लागि अभियान सञ्चालन गरिएको थियो। कर अधिकृत गौरव पाण्डेका अनुसार पुस महिनासम्म मूल्य अभिवृद्धि कर विवरण, कर र लाग्ने २५ प्रतिशत ब्याज बुझाउने करदातालाई अन्य जरिवाना तथा थप दस्तुर (कर र ब्याजको २५ प्रतिशत) पूर्ण रूपमा मिनाहा गरिएको थियो।

त्यस्तै अन्तःशुल्कमा लाग्ने विलम्ब शुल्कको ५० प्रतिशत बुझाएमा बाँकी विलम्ब शुल्क र जरिवाना पनि मिनाहा हुने व्यवस्था गरिएको थियो। सो अवधिमा २१३ जनाले छुट सुविधा लिनुभएको प्रमुख कर अधिकृत पोखेलले बताउनुभयो। मूल्य अभिवृद्धि कर विवरण नबुझाउने नौ प्रतिशत अर्थात् ४१९ जना करदाता हटाइएको हटाइएको उहाँले जानकारी दिनुभयो। आन्तरिक राजस्व कार्यालय भैरहवाको कार्यक्षेत्रमा एक लाख १० हजारभन्दा बढी व्यावसायिक करदाता छन्। यो कार्यालयको कार्यक्षेत्रमा हरून्देहीको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नम्बर ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नम्बर १ देखि ४ तथा ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा, कोटहीमाई, मर्चवारी, मायादेवी, ओमसतिया, रोहिणी, सम्मरीमाई, सियारी तथा शुद्धोदन गाउँपालिकाको वडा नम्बर ३ र नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम) जिल्ला पर्छ।

# मधेशमा ड्रोन र सीसी क्यामराबाट मतदानस्थलको निगरानी

**रवीन्द्र उप्रेती**



बर्दिबास, १७ माघ। प्रतिनिधि सभा निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मधेश प्रदेशमा कडा तथा भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको दाबी गरिएको छ। प्रदेशभर तीन तहको सुरक्षा परिचालन गरिनुका साथै अतिसंवेदनशील मतदानस्थलमा ड्रोन र सीसी क्यामेरामार्फत निगरानीको व्यवस्था गरिएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ।

यहाँका आठ जिल्लामा कुल दुई हजार१६० मतदानस्थल र चार हजार ४७१ मतदान केन्द्र रहेका छन्। तीमध्ये ५७ प्रतिशत अर्थात एक हजार २३७ मतदान केन्द्र अतिसंवेदनशील सूचीमा परेको प्रदेश प्रहरीले जनाएको छ।

प्रदेश प्रहरी प्रमुख नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाका अनुसार मतदाताको चाप, निर्वाचन क्षेत्रको सामाजिक–सांस्कृतिक परिवेश, विगतका घटनाक्रम, भौगोलिक अवस्था, स्थानीय मनोभावना तथा राजनीतिक गतिविधिलगायतका आधारमा मतदानस्थलको वर्गीकरण गरिएको हो। उहाँका अनुसार मधेश प्रदेशका आठ जिल्लामा एक हजार २३७ मतदान स्थल र दुई हजार ६१३ मतदान केन्द्र अतिसंवेदनशील, ७६३ मतदान स्थल र एक हजार ५५४ मतदान केन्द्र संवेदनशील तथा १६० मतदान स्थल र ३०४ मतदान केन्द्रलाई सामान्य श्रेणीमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा परिचालन गरिएको छ।

खुला सीमा र विगतका घटनाक्रमका कारण मधेश प्रदेशमा निर्वाचन व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको सुरक्षा निकायको ठम्याइ छ। करिब ४६४ किलोमिटर लामो खुला सीमाका कारण अवैध प्रवेश, दोहोरो मतदाता बन्ने प्रयास तथा अन्य अवाञ्छित गतिविधिले निर्वाचन सुरक्षालाई संवेदनशील बनाउने गरेको सुरक्षा निकायको बुझाइ छ।

यस्ता चुनौतीलाई मध्यनजर गर्दै संवेदनशील मतदान स्थलमा सुरक्षा सक्रियता थप सुदृढ बनाइएको डिआइजी थपलियाले जानकारी दिनुभयो। उहाँका अनुसार१२ हजार ६०० नेपाल प्रहरी र २८ हजार २९५ निर्वाचन प्रहरी परिचालनको तयारी गरिएको छ। साथै सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र नेपाली सेनाको समेत सक्रिय सहभागिताले सुरक्षा घेरालाई थप सुदृढ बनाएको छ।

यसैबिच, बर्दीबासस्थित सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालयका डिआइजी कृष्ण ढकालले प्रतिनिधि सभा निर्वाचनका लागि प्रदेशका आठै जिल्लामा चार हजार ३३६ सशस्त्र प्रहरी र दुई हजार ८३२ निर्वाचन प्रहरी तयारी अवस्थामा राखिएको बताउनुभयो। सशस्त्रले निर्वाचनलाई लक्षित गर्दै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन सुरक्षा बेस, मोबाइल टोली, स्ट्राइकिङ टोली र रिजर्भ फोर्समा जनशक्ति परिचालन गरेको छ।

महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार भारतको बिहार राज्यअन्तर्गत सीतामढी र मधुवनी जिल्लासँग करिब ३९ किलोमिटर सीमा जोडिएको महोत्तरीका २५८ मतदानस्थलमध्ये ६३ प्रतिशत अर्थात १६३ स्थल अतिसंवेदनशील, ३४ प्रतिशत अर्थात ८९ स्थल संवेदनशील र मात्र २ प्रतिशत अर्थात ६ मतदानस्थल सामान्य श्रेणीमा रहेका छन्। प्रजिअ यादवले जिल्लाको आन्तरिक सुरक्षा व्यवस्था चुस्त रहेको दाबी गर्दै खुला सीमा मधेशको सामाजिक–सांस्कृतिक यथार्थ भए पनि निर्वाचनजस्ता लोकतान्त्रिक प्रक्रियामा यसको प्रभावकारी व्यवस्थापन आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँका अनुसार सीमा पारिबाट हुन सक्ने सुरक्षा चुनौतीबारे सीतामढी जिल्लाका समकक्षीसँग पुस २४ गते चन्द्रनिगाहापुरमा सुरक्षा बैठक सम्पन्न भइसकेको छ भने मधुवनी जिल्लासँग फागुन ९ गते जनकपुरमा सीमा सुरक्षा बैठक गर्ने तयारी भइरहेको छ। प्रजिअ यादवले भन्नुभयो ‘‘यसले निर्वाचन सुरक्षा व्यवस्थापनलाई अझ सशक्त र भरपर्दो बनाउने विश्वास लिइएको छ।

## *सर्लाहीमा चार...*

रहेको र यसका विषयमा आउने अनेकन भ्रमका पछाडि नलागी घरघरमा आउने स्वास्थ्य स्वयम्सेविकासँग औषधि लिएर सेवन गर्न उहाँले आग्रह गर्नुभयो। “हामीले केही समय पहिला सर्लाहीका २० पालिकालाई उत्तरी र दक्षिणी गरी दुई भागमा विभाजन गरेर नमूना सङ्कलन गर्ने र परीक्षण गर्ने काम गरेका थियो”, डा बडेलले भन्नुभयो, “त्यस क्रममा जिल्लाको दक्षिणी क्षेत्रका १२ पालिकामा एक दशमलव आठ प्रतिशतसम्म सङ्क्रमण फैलने क्रम पाइयो। त्यसपछि पालिकाहरूमा औषधि खुवाउने अभियान सुरु गरिएको छ।”

डा बडेलका अनुसार एक प्रतिशतभन्दा धेरैमा सङ्क्रमण फेला पर्नु जोखिम पूर्ण अवस्था मानिन्छ। हात्तीपाइले ( फाइलेरिया) रोग क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले मानिसमा सार्ने गर्दछ। यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीबाट सङ्क्रमण भएपछि लाग्छ। क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले स्वास्थ्य मानिसलाई टोकेर यी परजीवीहरू मानव शरीरमा प्रवेश गराउने चिकित्सकको भनाइ छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)